السنّة النبوية وعلومها
www.sunnah.global

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाज पछि यो दुआ पढ्नुहुन्थ्यो

मुगीरा बिन शोअबाको मुन्सि वर्रादले बयान गरेका छन् , मुगीरा बिन शोअबाले मलाई मुआविया (रजियल्लाहु अन्हु) लाई पठाइएको पत्रमा लेख्न लगाए : रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाज पछि यो दुआ पढ्नुहुन्थ्यो : ‘ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु , लहुल्मुल्कु व लहुल् -हम्दु व हुव अला कुल्लि शैइन् कदीर् , अल्लाहुम्म ला मानिअ लिमा आअ्तैत् , वला मुअ्तिय लिमा मनअ्त , वला यन्फउ जलजद्दि मिन्कल् -जद्द । ’

[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाज पछि : ‘ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु , लहुल्मुल्कु व लहुल् -हम्दु व हुव अला कुल्लि शैइन् कदीर् , अल्लाहुम्म ला मानिअ लिमा आअ्तैत , वला मुअ्तिय लिमा मनाअ्त , वला यन्फउ जलजद्दि मिन्कल् -जद्द ’ पढ्नुहुन्थ्यो । अर्थात् म तौहीद (एकेश्वरवाद) को वचनलाई स्वीकार गर्दछु । म साँचो उपासना केवल अल्लाहको लागि पुष्टि गर्दछु र उहाँबाहेक सबैका लागि अस्वीकार गर्दछु । किनकि अल्लाह बाहेक अरु कोही सच्चा उपासक छैन । म पुष्टि गर्छु कि साँचो र पूर्ण सार्वभौमसत्ता अल्लाहका लागि हुन् र केवल उहाँ आकाश र पृथ्वीमा भएका सबै प्रशंसाका हकदार हुनुहुन्छ । किनकि उहाँ सबै कुरामा सक्षम हुनुहुन्छ । यदि उहाँले कसैलाई केही प्रदान गर्नुहुन्छ भने त्यसलाई कसैले रोक्न सक्दैनन् वा कसैलाई केही नदिने नियत गर्नुभएको छ भने त्यसलाई कोही दिन सक्दैन । उहाँको दरबारमा धनी व्यक्तिको धनले उसलाई कुनै फाइदा गर्दैन । हो , उसको सत्कर्मले मात्र उसलाई फाइदा गर्नेछ ।

https://sunnah.global/hadeeth/ne/show/65102

النجاة الخيرية
ALNAJAT CHARITY
لجنة الدعوة الإلكترونية
EDC E-Da'wah Committee